# त्रिभुवन विश्वविद्यालय

# कानुन सङ्काय विद्यावारिधि (Ph.D.) कार्यक्रम सञ्चालन विनियम, २०७५

**पारित मिति** : २०७६/६/२

(त्रि.वि. कार्यकारी परिषद्को बैठकको निर्णय नं. २६६१)

**संशोधन**

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७६/१०/३ को बैठकको निर्णय नं. १२९

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७८/१/१९ को बैठकको निर्णय नं. ८३१

त्रि.वि. कार्यकारी परिषद्को मिति २०७८/८/९ को बैठकको निर्णय नं. ११८०

त्रिभुवन विश्वविद्यालय

**त्रि.वि. सभा तथा कार्यकारी परिषदको सचिवालय**

**२०८०**

# त्रिभुवन विश्वविद्यालय

## कानुन सङ्काय विद्यावारिधि (Ph.D.) कार्यक्रम संचालन विनियम, २०७५

कानुनी शिक्षाको क्षेत्रमा उच्च स्तरीय अनुसन्धानको माध्यमद्वारा गुणस्तरीय दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय कानुन सङ्काय अन्तर्गत संचालित विद्यावारिधि (Ph.D.) कार्यक्रमलाई व्यवस्थित एवं वैज्ञानिक रूपमा सञ्चालन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३९७ को अधिकार प्रयोग गरी त्रि.वि.कार्यकारी परिषद्ले यो विनियम बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१.[१] **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस विनियमको नाम "कानुन सङ्काय विद्यावारिधि (Ph.D.) कार्यक्रम सञ्चालन विनियम, २०७५" रहेको छ ।

(२) यो विनियम तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :

(क) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ ।

(ख) "सङ्काय" भन्नाले त्रिभुवन विश्वविद्यालय कानुन सङ्कायलाई सम्झनुपर्छ ।

(ग) "डीनको कार्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय कानुन सङ्काय, डीनको कार्यालय सम्झनुपर्छ ।

(घ) "डीन" भन्नाले त्रिभुवन विश्वविद्यालय कानुन सङ्कायको डीनलाई सम्झनुपर्छ ।

(ङ) "अनुसन्धान समिति" भन्नाले त्रि.वि.कानुन सङ्काय अन्तर्गत विद्यावारिधि लगायतका अनुसन्धान कार्यक्रम सञ्चालन गर्न त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० को नियम ९ बमोजिम गठित समिति भन्ने सम्झनुपर्छ ।

(च) "अनुसन्धान निर्देशक" भन्नाले अनुसन्धानकर्ताद्धारा अनुसन्धान गरिने अनुसन्धान कार्यको निर्देशन गर्न तोकिएको प्राध्यापक, अवकास प्राप्त प्राध्यापक र विद्यावारिधि गरेका सह-प्राध्यापकलाई समेत जनाउनेछ ।[२] साथै यसले आवश्यकता अनुसार सह-निर्देशन गर्न तोकिएका विद्यावारिधि गरेका उप-प्राध्यापकलाई समेत जनाउनेछ ।

(छ) "अनुसन्धानकर्ता" भन्नाले सङ्कायमा अनुसन्धान समितिको निर्णयानुसार विद्यावारिधि प्रस्ताव स्वीकृत भई अनुसन्धान गर्न अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ज) "अनुसन्धान प्रस्ताव" भन्नाले विद्यावारिधि गर्ने प्रयोजनका लागि तोकिएको ढाँचामा प्रस्तुत प्रस्ताव सम्झनुपर्छ ।

---

[१] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधन

[२] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशाधन

(झ) "शोधविधि गोष्ठी" भन्नाले सङ्कायमा विद्यावारिधिका लागि प्रस्ताव स्वीकृत भई अनुसन्धान गर्न अनुमति प्राप्त व्यक्तिहरुलाई सङ्कायका तर्फवाट अनुसन्धान पद्धति र अनुसन्धान कार्यको बारेमा जानकारी दिन सञ्चालन गरिने गोष्ठी सम्झनुपर्छ ।

(ञ) "निर्देशन/सुपरिवेक्षण समिति (Guidance/SupervisionCommittee)" भन्नाले शोध सुपरिवेक्षकको संयोजकत्व र छनौटमा विद्यार्थीलाई अनुसन्धानमा सल्लाह दिन र आवधिक प्रगति मूल्याङ्कन गर्न गठित सम्बन्धित विषयका विज्ञहरुको समुह भन्ने सम्झनुपर्छ ।

(ट) "मुल्याङ्कन समिति (Evaluation Committee)" भन्नाले विद्यावारिधि उपाधिको लागि उम्मेदवारले प्रस्तुत गरेको शोध प्रवन्धको अन्तिम मुल्याङ्कन गर्न विदेशी विश्वविद्यालयको कम्तिमा एकजना विशेषज्ञ र दुई जना नेपाली विशेषज्ञ सम्मिलित समिति भन्ने सम्झनु पर्छ ।

(ठ) "मौखिक परीक्षा (Viva-Voce)" भन्नाले मूल्याङ्कन समितिले आन्तरिक तथा बाह्य परीक्षकद्वारा शोधप्रबन्ध स्वीकृत भएको जानकारी प्राप्त भएपछि उम्मेदवारद्वारा सो शोधप्रबन्ध अन्तिमपटक खुल्लारुपमा प्रतिरक्षा (Defence) गर्नको लागि व्यवस्था गरिएको प्रस्तुति र मौखिक परीक्षा भन्ने सम्झनुपर्छ ।

(ड) "शोधप्रवन्ध (Thesis/Dissertaion)" भन्नाले विद्यावारिधि उपाधिका लागि तयार पारिने शोधप्रवन्ध सम्झनुपर्छ ।

(ढ) "शोधप्रवन्ध समिति" भन्नाले शोधकार्यमा प्राज्ञिक सुपरिवेक्षण तथा निर्देशन प्रदान गर्न अनुसन्धान समितिद्वारा नियुक्त एक जना मुख्य शोधनिर्देशक तथा आवश्यकता अनुसार एक जना सह-शोधनिर्देशक समेत गरी दुईजना विषय विज्ञ[3]लाई सम्झनुपर्छ ।

(ण) "अतिरिक्त शुल्क" भन्नाले बाह्य वा आन्तरिक परीक्षकलाई एकपल्ट भन्दा बढी समय पुरै शोधप्रबन्ध मूल्याङ्कनका लागि पठाउनु पर्ने भएमा त्यस बापत लिइने शुल्कलाई सम्झनुपर्छ ।

(त) "नवीकरण शुल्क" भन्नाले शोधार्थीले शोधकार्य सम्पन्न गर्न दिइएको अधिकतम समयमा पनि शोधकार्य सम्पन्नगर्न नसकेमा थप म्याद दिई नवीकरण (renew) गर्दा लाग्ने शुल्क सम्झनु पर्छ ।

(थ) "श्रेणी (Division)" भन्नाले अंक प्रणाली परीक्षा अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित श्रेणी सम्झनुपर्छ ।

(द) "जिपिए (GPA)" भन्नाले ग्रेडीङ्ग परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त उपाधिको लब्धांकपत्रमा उल्लेखित ग्रेड (स्तर) सम्झनुपर्छ ।

(ध) "सिजिपिए (CGPA)" भन्नाले ग्रेडीङ्ग परीक्षा प्रणाली अपनाएका उच्च शैक्षिक संस्थाबाट प्राप्त लब्धांकपत्रमा उल्लेखित कूल ग्रेड सम्झनुपर्छ ।

(न) "क्रेडीट घण्टा (Credit Hour)" भन्नाले सामान्यतया एक सेमेष्टर वा ट्राइमेस्टरमा प्रतिहप्ता एक घण्टा शिक्षण र सम्बन्धित विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाले तोकेको प्रयोगिकी कार्यक्रम समेत भएको पाठ्यभार बुझ्नु पर्दछ । यसले उच्च शिक्षा योग्यता प्रारुप (Higher

---

[3] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधित

Education Qualification Framework) मा उल्लेख भए बमोजिमको क्रेडीट घन्टालाई बुझाउँछ ।

(प) "सेमेस्टर (Semester)" भन्नाले सामान्यतया एक हप्ताको एक क्रेडीट घण्टाको दरले कम्तिमा १५ हप्ताको शिक्षण र प्रयोगिकी सहितको पाठ्य कार्यक्रम सम्झनुपर्छ ।

(फ) "पाठ्य कार्यक्रम (Coursework)" भन्नाले विद्यावारिधि कार्यक्रम उम्मेदवारले अनुसन्धान शुरुगर्नु अघि वा सँगसँगै पूरा गर्नुपर्ने अध्ययनको पाठ्य कार्यक्रम सम्झनुपर्छ ।

(ब) "अनिवार्य पाठ्य कार्यक्रम (Mandatory Coursework)" भन्नाले विद्यार्थीले अनुसन्धान कार्यक्रम शुरु गर्नु पूर्व पूरा गर्नुपर्ने दर्शन (Philosophy) तथा अनुसन्धान विधि (Research Methodology) लगायत विषयको पाठ्य कार्यक्रमलाई सम्झनुपर्छ ।

(भ) "छनोट योग्य पाठ्य कार्यक्रम (Selective Coursework)" भन्नाले विद्यार्थीको प्रस्तावित अनुसन्धान कार्यका लागि सान्दर्भिक वा उपयोगी हुने विषयगत पाठ्य कार्यक्रमलाई सम्झनु पर्छ ।

(म) "अनुसन्धानमूलक लेख (Research Article)" भन्नाले अनुसन्धानमा आधारित र विश्वविद्यालय अनुदान आयोग वा कानुन सङ्काय अनुसन्धान समितिले मान्यता दिएको समकक्ष समिक्षित (Peer-Reviewed) प्राज्ञिक जर्नल वा सूचीकृत जर्नल (Indexed Journal) मा प्रकाशित शोधलेख सम्झनुपर्छ ।

(य) "सूचीकृत जर्नल (Indexed Journal)" भन्नाले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सूचीमा रहेका जर्नलहरु बुझ्नु पर्दछ । यस कुराको निर्णय अनुसन्धान समितिले गर्नेछ ।

(र) "प्रवेश परीक्षा" भन्नाले विद्यावारिधि कार्यक्रममा प्रवेश गराउन कानुन सङ्काय,डीनको कार्यालयले लिने लिखित र मौखिक परीक्षा वा बैकल्पिक परिक्षणको प्राप्ताङ्कको आधारमा भर्नाको लागि योग्यता निर्धारण गर्ने पद्धतिलाई सम्झनुपर्छ ।

(ल)[४] "छनौट समिति (Selection Committee)" भन्नाले प्रवेश परीक्षा उत्तिर्ण भएका उम्मेदवारलाई अन्तर्वार्ता लिई छनौट गर्ने/गराउने जिम्मेवारी लिएको समिति सम्झनुपर्छ ।

(व) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले आवश्यकतानुसार त्रिभुवन विश्वविद्यालय वा कानुन सङ्काय अनुसन्धान समितिको निर्णयद्वारा तोकिएबमोजिम भन्ने सम्झनुपर्छ ।

**३. यस विनियमको व्याख्या :-** (१)[५] कुनै अधिकारीले यस विनियमको प्रयोग गर्दा गरेको व्याख्याबाट कुनै शोधार्थी वा परीक्षार्थी वा विद्यार्थीलाई मर्का परेमा निजले डीनको कार्यालय समक्ष निवेदन दिने सक्नेछ ।

(२) उपविनियम (१) बमोजिम पर्न आएको निवेदन डीनको कार्यालयले कार्यकारी परिष्द समक्ष पठाउने छ र कार्यकारी परिषद्ले गरेको व्याख्यालाई डीनको कार्यालयको लागि जानकारी तथा मार्ग दर्शनको निमित्त पठाइनेछ ।

---

[४] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधित

[५] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधित

## परिच्छेद-२

## विद्यावारिधि उपाधिको लागि उम्मेदवार हुने विद्यार्थीको आवश्यक न्यूनतम योग्यता

४. **आवश्यक न्यूनतम योग्यता :** विद्यावारिधि उपाधिका लागि उम्मेदवार हुन स्वदेशी वा विदेशी नागरिकले देहाय बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ ।

(१) कानुन सङ्कायमा विद्यावारिधिका लागि भर्ना हुन चाहने उम्मेदवारले त्रिभुवन विश्वविद्यालय वा मान्यता प्राप्त विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर (एलएल.एम./एम.एल.) वा सो सरहको तह कम्तीमा द्वितीय श्रेणी वा ३.०/४.० सिजिपिए (CGPA) वा सो सरह ग्रेडमा उत्तिर्ण गरी उच्च शिक्षा योग्यता प्रारुप (Higher Education Qualification Framework) ले निर्धारण गरेको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(२) सम्बन्धित विषयमा द्वितिय श्रेणी वा ३.०/४.० सिजिपिए वा सो सरहको ग्रेडमा स्नातकोत्तर उपाधि प्राप्त गरी २ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

(३) प्रथम श्रेणीको प्राप्तांक वा ३.३/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरी १ वर्षको अनुभव भएको हुनुपर्नेछ ।

(४) विशिष्ट श्रेणीको प्राप्तांक वा ३.७/४.० सिजिपिए वा सो सरहको ग्रेड सहितको स्नातकोत्तर उपाधि प्राप्त गरेकाहरुको लागि कार्य अनुभव अनिवार्य हुनेछैन ।

(५)[६] कानुन सङ्काय, डीनको कार्यालयले प्रवेश परीक्षाका लागि निर्धारण गरेको मापदण्ड वा त्रि.वि. द्वारा स्वीकृत अन्य कुनै वैकल्पिक व्यवस्था बमोजिम विद्यावारिधि कार्यमा संलग्न हुने मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

(६) विद्यावारिधिको लागि भर्ना हुन चाहने उम्मेदवारले कम्तीमा दुईवटा समकक्ष समिक्षित लेख (Peer Reviewed Article) प्रकाशन गरेको हुनुपर्नेछ । विनियम, २०७५ लागू भएपछि पहिलो भर्नाका लागि भर्ना हुन चाहने उम्मेदवारको लागि समकक्ष समिक्षित लेख (Peer Reviewed Article) अनिवार्य गरिने छैन ।

५. **विद्यावारिधि कार्यक्रमका लागि भर्ना प्रक्रिया :** विद्यावारिधि अनुसन्धान गर्नका लागि देहाय बमोजिमका सर्तहरु पुरा भएको हुनुपर्नेछ ।

(१) डीनको कार्यालयले संचालन गरेको शैक्षिक कार्यक्रम अन्तर्गतका आवश्यक विज्ञहरु उपलब्ध हुन सक्ने विषयमा मात्र विद्यावारिधि कार्यक्रम संचालन हुनेछ ।

(२)[७] डीनको कार्यालयले यस विनियमको विनियम ३ को प्रयोजनको लागि तोकिएको संख्यामा भर्नाका लागि आवेदनका निम्ति प्रत्येक वर्ष सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(३) डीनको कार्यालयले प्रवेश परीक्षा संचालन गरी वा वैकल्पिक परीक्षणको प्राप्ताङ्कको आधारमा भर्नाको लागि योग्यता निर्धारण गर्नेछ ।

(४)[८] विद्यावारिधि गर्ने विद्यार्थीको संख्या १ बर्षमा अधिकतम १० जना हुनेछ र उक्त संख्यामा २ जना विदेशी उम्मेदवारलाई भर्ना लिइनेछ । यदि विदेशी शोधार्थी उम्मेदवार भर्ना हुन नआएमा

---

[६] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[७] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधन

[८] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट थप

खाली रहेको संख्यामा नेपालीलाई भर्ना लिइनेछ। विद्यावारिधि कार्यक्रममा भर्ना हुन चाहने विदेशी नागरिकले परिच्छेद २, विनियम ४ बमोजिमको योग्यता पुरा गरेको हुनुपर्नेछ।

## परिच्छेद-३

## विद्यावारिधि कार्यक्रमको लागि लाग्ने शुल्क तथा खर्चका शिर्षक

**६. विद्यावारिधि शुल्क र खर्च :** (१) विद्यावारिधि कार्यक्रमका लागि देहायको शुल्क लाग्नेछ।

| क्र.सं | विवरण | रकम रु. | गैरआवासीय नेपाली (यु.एस.डलर) | सार्क मुलुक (यु.एस.डलर) | सार्कवाहेक अन्य (यु.एस.डलर) |
|---|---|---|---|---|---|
| (क) | निवेदन फारम शुल्क | ३०००।- | ३०।- | ५०।- | १००।- |
| (ख) | प्रवेश परीक्षा शुल्क | ५,०००।– | १००।- | १५०।- | ३००।- |
| (ग) | लेखहरुको मूल्याङ्कन शुल्क | ५,०००।- | ७५।- | १००।- | २००।- |
| (घ) | नाम दर्ता शुल्क | ५,०००।- | ५०।- | १००।- | २००।- |
| (ङ) | शिक्षण शुल्क प्रति सेमेष्टर (भर्ना हुँदा ६ महिनाको बुझाउनु पर्ने) | ६५,०००।- | ६,००।- | ७५०।- | १,२५०।- |
| (च) | पुस्तकालय शुल्क | सम्बन्धित पुस्तकालयले तोके बमोजिम | | | |
| (छ) | परिचयपत्र शुल्क | १,०००।- | २५।- | ३०।- | ४०।- |
| (ज) | अनुसन्धान प्रस्ताव प्रतिरक्षा शुल्क | ७,०००।- | १४०।- | २१०।- | २८०।- |
| (झ) | सोधविधि (मेथोडोलोजी) गोष्ठी | ७,०००।- | १४०।- | २१०।- | २८०।- |
| (ञ) | पूर्व प्रस्तुति (Pre-Submission) शुल्क | २०,०००।- | २००।- | २१०।- | २८०।- |
| ट) | विषयगत ढाँचा परीक्षण (Format Checking) शुल्क | ७,०००।- | १४०।- | २१०।- | २८०।- |
| (ठ) | सोधपत्र मुल्याङ्कनका लागि बुझाउँदाको शुल्क | २०,०००।- | ३००।- | ६००।- | ८००।- |
| ड) | मौखिक परीक्षा (Viva-voce) | २५,०००।- | २५०।- | २१०।- | २८०।- |
| (ढ) | निर्देशक शुल्क (प्रति महिना) | ३,०००।-[९] | १५०।- | २००।- | ३००।- |
| (ण) | सह-निर्देशक (प्रति महिना) | २,५००।-[१०] | १००।- | १५०।- | २००।- |
| (त) | प्रति महिना सेमेष्टर पछि लाग्ने शुल्क | ३,०००।- | ५०।- | | |

[९] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[१०] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

| | | | | | |
|---|---|---|---|---|---|
| (थ) | लेख मुल्याङ्कन शुल्क | १०,०००।- | १५०।- | भावहरण परीक्षण शुल्क | १०,०००।- |
| (द) | नविकरण शुल्क | ३,५००।- | ४००।- | सेमेष्टर पुनः परीक्षण शुल्क | ५,०००।- |
| (ध) | आन्तरिक परीक्षण शुल्क | २५,०००।- | ३००।- | | |
| (न) | बाह्य परीक्षण शुल्क | ३०,०००।- | ३५०।- | | |
| (प) | सेमेष्टर परीक्षा शुल्क | ५,०००।- | ५०।- | | |

(२) उपविनियम (१) मा उल्लिखित शुल्क विवरण क्रमसंख्या (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ) र (ञ) अनुसारको रकम सोही कार्य सम्पादन अवधिमा तथा दर्ता र अन्य शुल्क डीनको कार्यालयबाट तोकिएको समयावधि भित्र बुझाउनु पर्नेछ । त्रिभुवन विश्वविद्यालयका शिक्षक/कर्मचारीलाई उपर्युक्त मध्ये क्रमसंख्या (ङ) को शिक्षण शुल्कमा ५० प्रतिशत छुट दिइनेछ ।

(३) विद्यावारिधि कार्यक्रमको शुल्कबाट प्राप्त रकम निम्नानुसार खर्च गरिनेछ :-

| क्र.सं | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| (क) | प्रवेश परीक्षा संचालन खर्च | १) [११] प्रश्नपत्र तयारी प्रतिसेट<br>रु. २०००x३ = ६०००।-<br>२) प्रश्नपत्र मोडरेशन प्रति सेट<br>रु. १००० x ३ = ३०००।-<br>३) उत्तरपुस्तिका परीक्षण शुल्क<br>रु. २००।- प्रति उत्तरपुस्तिका<br>४) उत्तरपुस्तिका संपरिक्षण शुल्क **२५ प्रतिशत** प्रति उत्तरपुस्तिका<br>५) प्रवेश परीक्षा संचालन खर्चः खाजा खर्च<br>**रु.**१०००।– (परीक्षा सञ्चालनगर्ने दिनको)<br>इन्भिजिलेटर/सुपरिवेक्षक<br>(बढीमा २ जना) भत्ता रु.७००।–<br>केन्द्राध्यक्ष (१ जना) रु.१०००।–<br>परीक्षा केन्द्र सहयोगी (१ जना) भत्ता रु.३५०।– | उल्लेखित कुराहरु बाहेकका विषयहरुको निर्णय छनोट समितिले गर्नेछ । [१२] |
| (ख) | अनुसन्धान प्रस्तावको प्रतिरक्षा बैठक भत्ता | त्रि.वि. नियमानुसार | |
| (ग) | कानुनको दर्शन (Philosophy of Law) र कानुनी अनुसन्धान पद्धति (Legal Research | रु. २०००।- प्रति घण्टा गरी प्रति कक्षा रु. ६०००।- x १६= ९६,०००।- र अन्य ठहर्न आउने रकम [१४] | कक्षा संचालन प्रति घण्टा रु. २०००।- प्रदान गरिने [१५] |

[११] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[१२] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट थप
[१४] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[१५] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

| | | | |
|---|---|---|---|
| | Methodology) विषयमा प्रति विषय कक्षा संचालन र प्रति ३ पाठ्य घण्टा अन्य सम्बन्धित विषयको कक्षा संचालन[१३] | | |
| (घ) | गोष्ठी भत्ता | प्रति व्यक्ति रु.६००।- का दरले १२ जनासम्म | |
| (ङ) | विषयगत ढाँचा परीक्षण (Format Checking) | रु. ३,०००।- प्रति मूल्याङ्कनकर्ता | २ जना विज्ञबाट गराइने |
| (च) | शोधपत्र मूल्यांकन | बाह्य रु.७,०००।- एवं आन्तरिक मूल्याङ्कनकर्तालाई प्रति मूल्याङ्कनकर्ता रु.५,०००।- | बाह्य १ जना र आन्तरिक २ जना विज्ञबाट मूल्याङ्कन गराइने |
| (छ) | मौखिक परीक्षा भत्ता | त्रि.वि. नियमानुसार | |
| (ज) | शोध निर्देशक (Supervisor) एवं सह-निर्देशक (Co-supervisor) | -निर्देशकलाई रु. २५,०००।- उपाधि घोषणा भएपछि एकमुष्ट भुक्तानी दिने ।<br>-सह-निर्देशकलाई रु. १५,०००।- उपाधि घोषणा भएपछि एकमुष्ट भुक्तानी दिने । | |
| (झ) | मौखिक परीक्षामा आमन्त्रित बाह्य विशेषज्ञ | - रु. १५,०००।- (प्रति दिन रु. ५,०००।- का दरले बढीमा तीन दिन)<br>-यातायात, ट्याक्सी, होटेल, टेलिफोन, जलपान र अन्य खर्च[१६] | मनासिव खर्च बिलअनुसार भुक्तानी दिने । |
| (ञ) | शोधार्थीले प्रस्तुत गरेको लेख रचना मूल्याङ्कन | - रु.१,५००।- प्रति लेख रचना मूल्याङ्कन गरे वापत | |
| (ट) | प्रति सेमेष्टर परीक्षाको प्रश्नपत्र निर्माण | - रु.२,०००।- प्रति प्रश्नपत्र निर्माण गरे वापत | |
| (ठ) | उत्तरपुस्तिका परीक्षण | - रु.२००।- प्रति उत्तरपुस्तिका परीक्षण गरे वापत | |
| (ड) | सन्दर्भ साहित्यको समीक्षा प्रतिवेदन मूल्याङ्कन | - रु.२,०००।- प्रति प्रतिवेदन मूल्याङ्कन गरे वापत | |
| (ढ) | अनुसन्धान मूलक लेख परीक्षण | - रु.१,०००।- प्रति लेख परीक्षण गरे वापत | |
| (ण) | अनुसन्धान प्रस्तावको मूल्याङ्कन | - रु.२,०००।- प्रति प्रस्तावको मूल्याङ्कन गरे वापत | |

[13] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[16] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

## परिच्छेद-४

## विद्यावारिधि अध्ययन तथा अनुसन्धान प्रक्रिया, शर्त र अनुसन्धान अवधि

**७. विद्यावारिधिका लागि प्रस्ताव दर्ता गर्ने प्रक्रिया :** (१) विनियम ४ र ५ बमोजिम तोकिएको योग्यता र शर्तहरु एवं विनियम १० बमोजिमको कार्यक्रम तथा कक्षा संचालन कार्य पूरा गरी भर्ना भएका विद्यावारिधि कार्यक्रमका उम्मेदवारलाई कानुन सङ्काय, डीनको कार्यालयको अनुसन्धान समितिले सुपरिवेक्षण कार्यका लागि एक प्रमुख-सुपरिवेक्षक र आवश्यकता अनुसार एक सह–सुपरिवेक्षक तोक्नेछ । प्रमुख सुपरिवेक्षक तथा सह-सुपरिवेक्षक तोकिएपछि अनुसन्धानकार्यको थालनी हुनेछ ।

(२) विद्यावारिधि कार्यक्रमको उम्मेदवारले प्रमुख–सुपरिवेक्षकको सहमतिमा प्रारम्भिक अनुसन्धान प्रस्ताव तयार गरी कानुन सङ्काय, डीनको कार्यालयले तोकेको ढाँचामा डीन कार्यालयको अनुसन्धान समितिमा पेशगर्नु पर्नेछ । विद्यावारिधि शोधकार्यको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(३) विद्यावारिधि कार्यक्रममा उम्मेदवारलाई कार्यक्रम अवधिभर पाठ्य कार्यक्रम (Course Work), अनुसन्धान, प्रकाशन र शोध प्रवन्ध परिमार्जनको लागि निर्देशन समितिले निर्देशन दिनेछ ।

(४)[१७] विद्यावारिधि कार्यक्रममा भर्ना भएका उम्मेदवारले पहिलो सेमेष्टरमा कानुनको दर्शन (Philosophy of Law) – ३, कानुनी अनुसन्धान पद्धति (Legal Research Methodology) – ३, र सन्दर्भ साहित्यको समीक्षा (Review of Relevant Literature) – ३ समेत जम्मा ९ पाठ्य घण्टा (Credit Hour) र दोस्रो सेमेष्टरमा कानुनको दर्शन (Philosophy of Law) – ३, कानुनी अनुसन्धान पद्धति, (Legal Research Methodology) – ३, र कानुनी अनुसन्धान लेखन (Legal Research Writing)- ३ समेत जम्मा ९ र तेश्रो सेमेष्टरमा शोधविधि अभिमुखीकरण- ३, स्नातकोत्तर तहमा कक्षा संचालन- ३, कार्यशाला- ३, शोधप्रवन्ध तर्जुमा र प्रतिरक्षा-३ समेत जम्मा १२ पाठ्य घण्टा गरी कूल ३० पाठ्य घण्टा (Credit Hour) को अध्ययन पूरा गर्नुपर्नेछ ।

(५) विद्यावारिधि कार्यक्रमको लागि कानुन सङ्काय, डीनको कार्यालयले निर्देशन/सुपरिवेक्षण समितिको सुझावमा अनुसन्धानको लागि सान्दर्भिक हुने पाठ्य कार्यक्रमको छनौट गर्नेछ ।

(६) विद्यावारिधि उपाधिका लागि पेश गर्नुपर्ने अनुसन्धान प्रस्ताव (Research Proposal) निर्धारित ढाँचामा तोकिएको समय भित्र कानुन सङ्काय, डीनको कार्यालयको अनुसन्धान समितिमा अनिवार्य पेश गर्नु पर्नेछ ।

(७) विद्यावारिधि कार्यक्रमको उम्मेदवारले अनुसन्धान प्रगतिको प्रतिवेदन सुपरिवेक्षक मार्फत ६/६ महिनामा निर्देशन समितिमा बुझाई समितिको राय र सुझाव अनुसार कामगर्नु पर्नेछ ।

(८) विद्यावारिधि उपाधिको लागि शोधकार्यबाट कम्तिमा दुईवटा अनुसन्धान मूलक लेख सूचिकृत जर्नल (Index Journal) वा विश्वविद्यालय अनुदान आयोगबाट मान्यता प्राप्त जर्नलमा प्रकाशित भएको हुनु पर्नेछ ।

(९) विद्यावारिधि कार्यक्रम पूर्णकालिन (Full Time) हुनेछ ।

---

[17] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

## परिच्छेद-५

## विद्यावारिधि कार्यक्रम संचालन समिति

**८. समिति गठन :-** (१)कानुन सङ्काय, डीनको कार्यालयबाट संचालन हुने विद्यावारिधि कार्यक्रम संचालन गर्न देहाय बमोजिमका समितिहरु रहने छन् :-

**(क) अनुसन्धान समिति (Research Committee):** विद्यावारिधि कार्यक्रम संचालन तथा अनुसन्धान आचार संहिता पालन गराउन देहाय बमोजिमको अनुसन्धान समिति गठन गरिनेछ :-

(१) डीन, ........................................................................ अध्यक्ष

(२) विभागीय प्रमुख,कानुन केन्द्रीय विभाग, ......................................सदस्य

(३) विषय विज्ञ (डीनले तोक्ने) दुईजना . ......................................... सदस्य

(४)[१८] कार्यकारी निर्देशक वा अनुसन्धान कार्यमा जानकारी राख्ने प्राध्यापक (अनुसन्धान निकायहरु मध्येबाट) डीनले तोक्ने एकजना ................................................ सदस्य

(५)[१९] अनुसन्धान कार्यमा जानकारी राख्ने प्राध्यापक मध्येबाट डीनले मनोनित गरेको (नियमित प्राध्यापक बाहेक) प्राध्यापक एकजना ........................................... सदस्य

(६) डीनले तोकेको सहायक डीन, ............................................... सदस्य सचिव

**(ख) छनौट समितिः** [२०] विद्यावारिधि कार्यक्रममा भर्नाकालागि उम्मेदवारको छनौट गर्न, प्रवेश परीक्षा वा वैकल्पिक परीक्षण गर्न र कार्यक्रम संचालन गर्नका लागि देहायको छनौट समिति गठन हुनेछ :-

(१) डीन, ............................................................................. अध्यक्ष

(२) विभागीय प्रमुख, कानुन केन्द्रीय विभाग, ......................................... सदस्य

(३)[२१] अनुसन्धान पद्धतिमा जानकारी राख्ने प्राध्यापकहरु मध्येबाट डीनले मनोनित गरेको एकजना प्राध्यापक ...................................................................... सदस्य

(४) डीनले तोकेको सहायक डीन ....................................................सदस्य सचिव

## परिच्छेद-६

## विद्यावारिधि कार्यक्रम तथा कक्षा सञ्चालन विधि

**९.**[२२] **कार्यक्रम तथा कक्षा संचालन :** (१)[२३] विद्यावारिधि कार्यक्रममा भर्नाका लागि प्रत्येक बर्ष सार्वजनिक सूचनाद्वारा डीन कार्यालयले आवेदन आह्वान गर्नेछ ।

---

[१८] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[१९] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[२०] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[२१] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधित

[२२] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[२३] त्रि वि कार्यकारी परिषदको २०७६।१०।३ को बैठकबाट संशोधित

(२) भर्नाका लागि शोधार्थीले आवश्यक प्रमाणपत्रहरु समावेश गरी डीनको कार्यालयबाट बितरण गरिने आवेदन फर्म भर्नुपर्नेछ ।

(३) भर्नाका लागि आवेदन दिएका उम्मेदवारको प्रवेश परीक्षा वा बैकल्पिक परिक्षणको प्राप्ताङ्कको आधारमा योग्यता निर्धारण गरिनेछ । उक्त प्रक्रियाका आधारमा छनौट हुनेहरुलाई मात्र कक्षामा सामेल हुने अनुमति दिइनेछ । यसरी भर्ना भएका शोधार्थीहरुको अस्थायी नाम दर्ता गरिनेछ ।

(४) शोधार्थीहरु प्रत्येक सेमेष्टरमा अनिवार्य रुपमा ७५ प्रतिशत हाजिर हुनपर्नेछ । उल्लेखित प्रतिशत हाजिरी नपुग्नेले सत्रान्त परीक्षामा सामेल हुन पाउने छैनन् ।

(५)[२४] अस्थायी नाम दर्ता गरेका शोधार्थीहरुले पाठ्यक्रममा आधारित दुई सेमेष्टर अध्ययन गर्नुपर्नेछ । प्रथम सेमेष्टरमा उत्तीर्ण हुनेहरुलाई मात्र दोश्रो सेमेष्टरमा प्रवेश गराइनेछ । प्रथम सेमेष्टरको परीक्षामा कुनै एक विषयमा मात्र अनुत्तीर्ण भएकालाई दोश्रो सेमेष्टरमा भर्ना हुनु अगावै एक पटक पुन: परीक्षाको मौका दिइनेछ । सोही व्यवस्था दोश्रो सेमेष्टरको हकमा समेत लागु हुनेछ । यसरी लिइने मौका परीक्षामा पनि अनुत्तीर्ण हुनेले अर्को सेमेष्टरमा प्रवेश पाउने छैनन् । त्यस्ता शोधार्थीहरुले अनुत्तीर्ण भएको सेमेष्टरको पाठ्यक्रम पुन: अध्ययन गर्नुपर्नेछ । शोधार्थीहरु उल्लेखित पाठ्यक्रमका अतिरिक्त डीन कार्यालयबाट संचालन गरिने शोधविधि अभिमुखिकरण, स्नातकोत्तर तहमा कक्षा संचालन, कार्यशाला लगायतका कार्यक्रममा समेत सहभागी हुनेछन् ।

(६) उल्लेखित कार्यक्रम पुरा गरिसकेपछि शोधार्थीले शोधप्रस्ताव प्रस्तुत गर्नु पर्नेछ । शोधार्थीबाट प्रस्तुत शोधप्रस्तावको स्वीकृतिपछि हुने गोष्ठी र पूर्वाध्ययनको समीक्षाको मूल्याङ्कनपछि स्थायी नाम दर्ता हुनेछ ।

(७)[२५] विद्यावारिधि पाठ्यक्रम शोधप्रवन्ध सहित जम्मा ६० क्रेडीटको हुनेछ । ६० क्रेडीटको विभाजन निम्नानुसार हुनेछ :-

| **पहिलो सत्र (First Semester)** | | | |
|---|---|---|---|
| **सि.नं** | **विषय** | **पत्र**[२६] | **क्रेडिट** |
| १ | कानुनको दर्शन (Philosophy of Law) | प्रथम | ३ |
| २ | कानुनी अनुसन्धान पद्धति (Legal Research Methodology) | प्रथम | ३ |
| ३ | सन्दर्भ साहित्यको समीक्षा (Review of Relevant Liturature) | | ३ |
| | | **जम्मा** | ९ क्रेडिट |
| **स्पष्टिकरण (Clarification) :** पहिलो सत्रमा शोधकर्ताहरुले अनिवार्य कक्षा लिनु पर्नेछ । | | | |
| **दोश्रो सत्र (Second Semester)** | | | |
| **सि.नं** | **विषय** | **पत्र**[२७] | **क्रेडिट** |

[२४] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[२५] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[२६] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित
[२७] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

| | | | |
|---|---|---|---|
| १ | कानुनको दर्शन (Philosophy of Law) | द्वितिय | ३ |
| २ | कानुनी अनुसन्धान पद्धति (Legal Research Methodology) | द्वितिय | ३ |
| ३ | कानुनी अनुसन्धान लेखन (Legal Research Writing) | | ३ |
| | | **जम्मा** | ९ क्रेडिट |
| **स्पष्टिकरण (Clarification) :** दोश्रो सत्रमा शोधकर्ताहरुले अनिवार्य कक्षा लिनु पर्नेछ । | | | |

| **तेश्रो सत्र (Third Semester)** | | |
|---|---|---|
| **सि.नं.** | **विषय** | **क्रेडिट** |
| **१** | शोधविधि अभिमुखिकरण | ३ |
| **२** | स्नातकोत्तर तहमा कक्षा सञ्चालन | ३ |
| **३** | कार्यशाला | ३ |
| **४** | शोध प्रवन्ध तर्जुमा र प्रतिरक्षा | ३ |
| | **जम्मा** | १२ क्रेडिट |
| **स्पष्टिकरण (Clarification) :** तेश्रो सेमेष्टरका लागि लाग्ने शुल्क पहिलो र दोश्रो सेमेष्टरमा लाग्ने शुल्कको आधार रकम हुनेछ । | | |
| **शोधकार्य शत्र: Finalization of Ph.D. Thesis** | | |
| डीन कार्यालयबाट सम्पन्न गरिने शोधप्रवन्ध लेखन तथा प्रस्तुति, आन्तरिक मूल्याङ्कन, बाह्य परीक्षण एवं मौखिक परीक्षाका लागि ३० क्रेडीट । | | |

(८)[२८] पाठ्यक्रममा आधारित विद्यावारिधि कार्यक्रमको पहिलो सेमेष्टरको ९ क्रेडीट विषयगत र सन्दर्भ सामग्रीको समीक्षा, दोश्रो सेमेष्टरको ९ क्रेडीट विषयगत र कानुनी अनुसन्धान लेखनसंगै तेश्रो सेमेष्टरको लागि निर्धारित पाठ्यक्रम शोधविधि अभिमुखीकरण, मास्टर्स तहमा कक्षा संचालन, कार्यशाला, शोधप्रवन्ध तर्जुमा र प्रतिरक्षा एवं मूल्याङ्कन समेत १२ क्रेडिटका कार्यक्रमहरु डीन कार्यालयले संचालन गर्नेछ । कक्षाको समय तालिकाको निर्धारण डीन कार्यालयले अनुकूलता अनुरुप गर्न सक्नेछ । सत्रान्त परीक्षा डीन कार्यालयले सञ्चालन गर्नेछ ।

(९) डीन कार्यालय र शोधार्थीबिचको अन्तर्क्रियाका माध्यमबाट निर्धारित पठनवस्तु सूची (Reading List) को निर्माण, त्यसको सूक्ष्म पठन र तोकेको ढाँचामा प्रस्तुति तथा त्यसको मूल्याङ्कनको काम सम्बद्ध समितिले गर्नेछन् ।

(१०) पाठ्यक्रममा आधारित कक्षाको पारिश्रमिकको भुक्तानी डीन कार्यालयले गर्नेछ । कक्षा सम्बद्ध निर्धारित पाठघन्टा र अन्य कार्यको पारिश्रमिक तोकिए बमोजिम बेग्लाबेग्लै हुनेछ ।

[२८] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

(११) विद्यावारिधि कक्षामा संलग्न हुने शिक्षक कम्तिमा पिएच.डी. डिग्री प्राप्त हुनुपर्नेछ । त्यस्तो शिक्षक सम्बन्धित विषयको विज्ञ समेत हुनुपर्नेछ । कक्षा संचालन कार्यमा संलग्न हुने शिक्षक कम्तिमा सह-प्राध्यापक हुनुपर्नेछ । आवश्यकता अनुसार बाह्य क्षेत्रका विज्ञलाई समेत उक्त कार्यमा संलग्न गराउन सकिनेछ ।

(१२) विद्यावारिधि पाठ्यक्रमको निर्माण आवश्यकता अनुसार विज्ञहरुको सहयोगमा डीन कार्यालयले गर्नेछ र विद्यापरिषद्को सिफारिसमा प्राज्ञिक परिषद्ले स्वीकृति गरे पश्चात् पाठ्यक्रम लागु हुनेछ ।

(१३) शोधप्रस्ताव प्रस्तुतिपछि त्यसको प्रतिरक्षा, पूर्वकार्यको समीक्षा, कानुनी अनुसन्धान लेखन तथा सेमिनार पेपर (गोष्ठीपत्र) को प्रस्तुतिका साथै तिनको मूल्याङ्कन गराउने कार्य डीन कार्यालयबाट हुनेछ । शुल्क लिने र मूल्याङ्कनकर्तालाई पारिश्रमिक दिने कार्य यसै विनियमले ब्यबस्था गरे बमोजिम हुनेछ ।

(१४)[२९] विद्यावारिधि कार्यक्रम सञ्चालनका लागि डीनले नियमित वा सेवानिवृत्त प्राध्यापक वा विद्यावारिधि गरेका सह प्राध्यापक मध्येबाट संयोजक नियुक्ति गर्न सक्नेछ । यसरी नियुक्त हुने संयोजकको पारिश्रमिक अनुसन्धान समितिको सिफारिसमा डीनद्वारा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-७

## विद्यावारिधि शोध प्रवन्ध (Thesis) बुझाउने तथा अन्तिम मुल्याङ्कन र उपाधिको घोषणा प्रक्रिया

**१०. शोध प्रवन्ध मूल्याङ्कन र उपाधि प्रदान :** (१)[३०] शोधकर्ताले तोकिएको ढाँचामा निर्धारित समयमा शोधनिर्देशक र आवश्यकता अनुसार सह-शोधनिर्देशक रहेको मूल्याङ्कन समितिको सिफारिसमा आफ्नो शोध प्रतिवेदन डीन कार्यालयमा प्रस्तुत गर्नु पर्नेछ । प्रतिवेदन प्रस्तुत गर्दा खुकुलो गाता (Loose binding) प्रति १, शोध प्रतिवेदनको सार संक्षेप प्रति ९ र नरम प्रति (Soft copy) पेनड्राइभमा बुझाउनु पर्नेछ । यसरी प्रस्तुत प्रतिवेदनलाई प्रतिवेदन प्रस्तुत गरेको एक महिनाभित्र (Pre-submisson) पूर्व प्रस्तुति गर्न लगाइनेछ ।

(२) शोधकर्ताले शोधप्रवन्धको प्रथम (पूर्व) प्रस्तुतिका क्रममा प्राप्त सुझावहरुलाई समावेस गरी पुन: दुई प्रति खुकुलो गाता (Loose binding) र नरम प्रति (Soft copy) पेनड्राइभमा ढाँचा परीक्षण (Format Checking) का लागि डीनको कार्यालयमा बुझाउनु पर्नेछ ।

(३)[३१] डीन कार्यालयको अनुसन्धान समितिले उक्त शोधप्रवन्ध दुई जना अनुसन्धान पद्धतिका विज्ञहरु समक्ष ढाँचा परीक्षण (Format Checking) का लागि पठाउनेछ र ढाँचा परीक्षणको प्रतिवेदन प्राप्त भएपछि प्रतिवेदनमा उल्लेखित सुझाव अनुसार शोधप्रवन्धमा सुधारका लागि शोधनिर्देशक मार्फत सम्बन्धित शोधकर्तालाई उपलब्ध गराउनेछ । ढाँचा परीक्षणको आधार डीन कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) शोधकर्ताले ढाँचा परीक्षकहरुबाट प्राप्त सुझावहरुलाई समाबेश गरी शोधप्रवन्धमा परिमार्जन गरी ३ प्रति खुकुलो गाता (Loose binding) र पेनड्राइभमा नरम कपी (Soft copy) अन्तिम मूल्याङ्कनका लागि पेश गर्नु पर्नेछ । बौद्धिक चोरी परीक्षण (Plagiarism clearance) पश्चात् मात्र शोधप्रवन्ध अन्तिम मूल्याङ्कनका लागि पठाइनेछ ।

---

[२९] त्रि.वि. कार्यकारी परिषदको २०७८।८।९ को बैठकबाट सशोधित

[३०] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट सशोधित

[३१] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट थप

(५) उक्त शोधप्रवन्धलाई सम्बन्धित विषयका एक जना विदेशी विषय विज्ञ सहितको तीन जना विषय विज्ञ रहेको एक मूल्याङ्कन समितिद्वारा मूल्याङ्कन गराइनेछ । उक्त मूल्याङ्कनबाट स्वीकृति पश्चात् मात्र शोधप्रवन्ध मौखिक परीक्षा (Viva-voce) का लागि उपयुक्त मानिने छ ।

(६) बाह्य एवं आन्तरिक मूल्याङ्कनकर्ताबाट शोधप्रवन्धमा सुधारका लागि कुनै सुझाव आएमा उक्त सुझावलाई समावेश गरी शोधप्रवन्धमा सुधार गर्नुपर्नेछ । यदि प्रथम पटकको सुधार पर्याप्त न भएमा दोश्रो पटक सुधारको अवसर प्रदान गरिनेछ । दोश्रो पटकको सुधार पश्चात् पनि शोधप्रवन्ध स्विकार योग्य न भई त्यसलाई पुनः मूल्याङ्कन गर्नु पर्ने भएमा नयाँ मूल्याङ्कनकर्तालाई छान्न सकिनेछ । यसरी एक पटक भन्दा बढी पटक शोधप्रवन्धको मूल्याङ्कन गराउनु पर्ने भएमा शोधार्थीबाट अतिरिक्त शुल्क लिइनेछ ।

(७) बाह्य एवं आन्तरिक मूल्याङ्कनकर्ताहरुबाट शोधप्रवन्धको मूल्यांङ्कन भई त्यसलाई स्वीकृति प्रदान गरे पश्चात् मात्र मौखिक परीक्षा (Viva-voce) का लागि स्वीकार भएको मानिनेछ । मूल्यांङ्कनकर्ताबाट स्वीकृत भई मौखिक परीक्षाका लागि योग्य ठहर्‍याएपछि शोधकर्ताले शोधप्रवन्धको खुकुलो गाता (Loose binding) एक प्रति, सार संक्षेप बाह्र प्रति र पेनड्राइभमा नरम कपी (Soft copy) डीन कार्यालयमा प्रस्तुत गर्नु पर्नेछ ।

(८)[३२] मौखिक परीक्षामा शोधप्रवन्धको मूल्याङ्कन गर्ने विदेशी विज्ञ र सम्बन्धित विषयका दुई जना विज्ञ तथा अनुसन्धान समितिका अध्यक्ष तथा सदस्यहरु उपस्थित रहनेछन् । मौखिक परीक्षा खुल्लारुपमा संचालन गरिनेछ । उक्त अवसरमा शोधप्रवन्धको निर्देशक एवं शोधप्रवन्ध मूल्याङ्कन गर्ने आन्तरिक एवं बाह्य विज्ञको उपस्थिति अनिवार्य हुनेछ ।

(९) मौखिक परीक्षाबाट सफल शोधकर्तालाई कानुन सङ्काय, डीनको कार्यालय अन्तर्गतको अनुसन्धान समितिले विद्यावारिधि उपाधि दिने निर्णय गर्नेछ । यसकालागि शोधप्रवन्धमा सुधारका लागि विज्ञ एवं अनुसन्धान समितिका सदस्यहरुले दिएको सुझावलाई समावेश गरी परिमार्जन गरे पश्चात् शोध प्रवन्धको कठोर गाता (Hard binding) आठ प्रति डीनको कार्यालयमा प्रस्तुत गर्नुपर्नेछ । यसरी प्रस्तुत शोधप्रवन्धमा मौखिक परीक्षा (Viva-voce) का क्रममा विज्ञ एवं अनुसन्धान समितिका सदस्यहरुद्वारा परिमार्जनका लागि दिइएका सुझावहरु समावेस गरिएको छ भनी अनुसन्धान समितिद्वारा निर्क्योल भए पश्चात् मात्र उपाधि प्रदान गरिनेछ ।

(१०)[३३] विद्यावारिधि कार्यक्रम वापत संचालन गरिने प्रवेश परीक्षा, कक्षा, परीक्षा र कानुनी लेखन, गोष्ठी पत्र एवं शोधप्रवन्धको लागि प्रयुक्त हुने भाषा अंग्रेजी हुनेछ ।

## परिच्छेद-८

## विविध

**११. अनुसन्धान अवधि :** (१) विद्यावारिधिका लागि अनुसन्धान अवधि कम्तीमा ३ वर्षको हुनेछ । सो अवधि पुरा नभई प्रस्तुत शोधप्रवन्ध पूर्व प्रस्तुति (Pre-submission Presentation) का लागि स्वीकार गरिने छैन ।

(२) यदि कुनै शोधकर्ताले निर्धारित ३ वर्षको समय सीमाभित्र अनुसन्धान कार्य समाप्त नगरेमा अनुसन्धानको प्रगति विवरणसहित प्रमुख–सुपरिवेक्षकको सिफारीस भईआएमा १/१ वर्ष गरी २ वर्षका लागि म्याद थप गरिनेछ । यसरी म्याद थप गरिएको २ वर्ष अवधिसमेत जम्मा पाँचवर्ष अवधिमा

[३२] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट थप

[३३] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट थप

विद्यावारिधि कार्य पुरा नगर्ने शोधार्थीलाई थप म्याद प्राप्त हुने छैन । त्यस पछि नीजको दर्ता खारेज हुनेछ ।

१२ **अन्तर्राष्ट्रिय संयुक्त विद्यावारिधि कार्यक्रम :** डीनको कार्यालयले त्रिभुवन विश्वविद्यालयले मान्यता दिएको विदेशी विश्वविद्यालयसँग संझौता गरी अन्तर्राष्ट्रिय संयुक्त विद्यावारिधि कार्यक्रम संचालन गर्न सक्नेछ ।

१३. **खारेजी र बचाउ :** (१)[३४] त्रि.वि. कानुन सङ्काय विद्यावारिधि कार्यक्रम संचालन व्यवस्थापन प्रणाली, २०६८ खारेज गरिएको छ। उक्त प्रणाली अन्तर्गत दर्ता भई विद्यावारिधि कार्यलाई निरन्तरता दिइरहेका शोधकर्ताहरूको हकमा उनीहरुले जम्मा पांच-वर्ष अवधि ननाघेसम्म आफ्नो शोधकार्य सम्पन्न गर्न पाउने छन् । त्यस्ता शोधकर्ताले पांच-वर्ष समाप्त भएपछि पुनः दर्तावापत रु. ४०,०००।- तथा परिच्छेद-३ को नियम ६ (१) (त) बमोजिम प्रति महिना सिमेष्टर पछि लाग्ने शुल्क रु.३०००।- (तीन हजार) बुझाउनु पर्नेछ । त्यसरी पुनः दर्ता भएको उम्मेद्वारले थप ३ वर्षको अवधिभित्र प्रतिवेदन बुझाउन सक्नेछन् । यो विनियम लागु हुंदाका वखत आठ वर्ष पुरा गरिसकेका शोधार्थीको हकमा भने दश वर्ष ननाघ्ने गरी अन्तिम पटक बढीमा दुईवर्ष थप म्याद प्रदान गर्न सकिनेछ । यसरी म्याद थप हुनेहरुले रु.२०,०००।- तथा परिच्छेद-३ को नियम ६ (१) को (ञ), (ट), (ठ), (ड), (ढ), (ध), र (न) बमोजिमको शुल्क समेत बुझाउनु पर्नेछ ।

(२) विश्वविद्यालय अनुदान आयोगले लागू गरेको विद्यावारिधि उपाधिको न्यूनतम मापदण्ड तथा कार्यविधि, २०७३ लाई यसै विद्यावारिधि (Ph.D.) कार्यक्रम संचालन विनियम २०७५ को अभिन्न अंग मानी कार्यान्वयन गरिनेछ ।

***

---

[३४] त्रि.वि. कार्यकारी परिषदको २०७८।१।१९ को बैठकबाट संशोधित